# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०७९/०६/२६

## सूचना ! सूचना !! सूचना !!!

### विषय : बजार व्यवस्थापन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं. ३ स्थित रुइनिबाङ र वडा नं. ४ स्थित सुलिचौर बजारको सडक क्षेत्रमा सडकको अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचना, सडक समेत ओगटी भण्डारण गरिएका व्यावसायिक वस्तु र जथाभावी पार्किङ गरिएका सवारी साधनका कारणबाट बजारको सौन्दर्यीकरण अभिवृद्धि गर्नुका साथै ट्राफिक व्यवस्थापनको कार्यमा कठिनाई उत्पन्न भएको विषय प्रति यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

अव्यवस्थित सहरीकरणको दुर्बलताको रुपमा रहेका यस्ता अव्यवस्थाहरुलाई हटाई यस ऐतिहासिक रुइनिबाङ र सुलिचौर बजारलाई सफा, सुन्दर र व्यवस्थित सहरकोरुपमा रुपान्तरण गर्न गाउँपालिका हरदम प्रयत्नशिल रहेको छ ।

तत् सम्बन्धमा मिति २०७९/०६/०८ मा यस गाउँपालिका र सम्बन्धित सरोकारवालाहरु वीचको छलफलको निर्णय र यस गाउँपालिकाको मिति २०७९/०५/३० को निर्णयानुसार देहाय बमोजिम कार्य गर्ने/गराउने निर्णय भएकोले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त निर्णयहरुको पूर्ण कार्यान्वयन गरी यस अभियानलाई सफल गराउन गाउँपालिका निर्ममतापूर्वक लाग्ने प्रतिवद्धता व्यक्त गर्दै प्रहरी प्रशासन, राजनीतिक दल, उद्योगी, व्यापारी, व्यापार संगठन, वुद्धिजिवि लगाएत यहाँहरु सम्पुर्णको इमान्दार प्रयत्न र पूर्ण सहयोगको अपेक्षा समेत लिएका छौं ।

<u>देहाय</u>

१. सडक क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचना १५ (पन्ध्र) दिन भित्र सम्बन्धित घर धनिले भत्काउने (हटाउने) अन्यथा गाउँपालिकाले भत्काइदिने (हटाइदिने) ।
२. सडक वा सार्वजनिक क्षेत्रमा व्यापार व्यवसाय सञ्चालन गर्न नपाउने सो गरेमा त्यस्तो क्षेत्रमा भण्डारण गरिएका व्यावसायिक वस्तु जफत गरी रु. १००० देखि ५००० सम्म जरिवाना गर्ने ।
३. सडक वा सार्वजनिक क्षेत्रमा निर्माण सामाग्रीको भण्डारण गर्न नपाउने, त्यसरी भण्डारण गरेको व्यक्तिहरुले यो सूचना जारी भएका बखतै हटाउने, सो हुन नसकेमा गाउँपालिकाले जफत गरी रु. १००० देखि ५००० सम्म जरिवाना गर्ने ।

७९।६।२६

मणिराम बुढाथोकी

# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

लुम्बिनी प्रदेश, नेपाल

४. सुलिचौर बजारको लुङ्ग्री खोला र फगाम खोलाको दोभान स्थित गाउँपालिकाको नाउँमा रहेको खालि जग्गा सहित जोडिएर रहेका बालाराम घर्तीमगर, भुपनारायण घर्तीमगर, निम बहादुर घर्तीमगर र राम बहादुर घर्तीमगरका नाममा रहेको जग्गा गाउँपालिकाले भाडामा लिइ पार्किङ स्थलको रुपमा प्रयोग गर्ने गरी निर्णय भै संझौता समेत भैसकेको हुदाँ दुई पाङ्ग्रे बाहेकका सवै किसिमका सवारी साधनले सामग्री लोड अनलोड गर्दा, यात्रुहरु चढाउदा वा झार्दा साइड छोडेर बाहेक अन्य अवस्थामा तोकिएको पार्कीङ क्षेत्रमा मात्र पार्किङ गर्ने । तोकिएको क्षेत्रमा पार्किङ नगरि सडकमा जथाभावी पार्किङ गर्ने सवारीहरुको हकमा सवारी धनीबाट निम्नानुसारको जरिवाना रकम असुलि गर्ने ।

<u>निम्न</u>

क) बस रु. २०००।- ख) ट्रक रु. २५००।- ग) टयाक्टर रु.१५००।– घ) जिप/कार/भ्यान रु. १०००।– ङ) टेम्पो/अटो रु. ५००।-

५. विभिन्न घरहरुबाट वर्षातको/बाथरुम/भान्साको पानी समेत पाइप मार्फत सोझै सडकमा खसाल्ने गरिएको पाइएकोले सूचना जारी भएको मितिले १५ (पन्ध्र) दिन भित्र त्यस्तो संरचना हटाइ सडकमा पानि नपर्ने गरि नयाँ संरचना तयार गर्ने, सो हुन नसकेमा सम्बन्धित घरधनिलाई प्रथम पटकलाई रु २०००।- जरिवाना गर्ने ।

०७९।६।२६

(मणिराम बुढाथोकी)

अध्यक्ष

मणिराम बुढाथोकी

अध्यक्ष